# महालक्ष्मी राजपत्र

खण्ड ८, संख्या १

भाग २

## महालक्ष्मी नगरपालिका, ललितपुरको

# उप प्रमुख सुत्केरी भेट तथा पोषण प्रवर्द्धन निर्देशिका, २०८१

(नगर कार्यपालिकाबाट २०८१/०१/१८ मा स्वीकृत)

प्रकाशन मितिः २०८१/०१/२१

महालक्ष्मी नगरपालिका, नगरकार्यपालिकाको कार्यलायबाट मुद्रित

# उप प्रमुख सुत्केरी भेट तथा पोषण प्रवर्द्धन निर्देशिका, २०८१

**प्रस्तावनाः** नगर क्षेत्रभित्र स्थायी रुपले बसोबास गर्ने सुत्केरी आमा तथा शिशुको पोषण प्रवर्द्धन गरी बालबालिकाको बहुआयामिक विकासमा प्रत्यक्ष योगदान गर्न महालक्ष्मी नगरपालिकाको प्रशासकीय कार्यविधि नियमित गर्ने ऐन, २०७५ को दफा ४ ले दिएको अधिकार प्रयोग गरी मिति २०८१/०१/१८ मा नगर कार्यपालिकाले यो निर्देशिका स्वीकृत गरेको छ ।

## परिच्छेद-१
## प्रारम्भिक र परिभाषा

१. **संक्षिप्त नाम र प्रारम्भः**

क) यस निर्देशिकाको नाम "उप प्रमुखसुत्केरी भेट तथा पोषण प्रवर्द्धन निर्देशिका, २०८१" रहनेछ

ख) यो निर्देशिका तुरुन्त लागू हुनेछ ।

२. **परिभाषा:** विषय वा प्रसङ्गले अर्को अर्थ नलागेमा यस कार्यविधिमा

क) "कार्यपालिका" भन्नाले महालक्ष्मी नगरपालिकाको नगर कार्यपालिका सम्झनुपर्दछ ।

ख) "कार्यालय" भन्नाले महालक्ष्मी नगरपालिकाको नगर कार्यपालिकाको कार्यालय सम्झनुपर्दछ ।

ग) "समिति" भन्नाले दफा ७ बमोजिमको सहायता निर्धारण समिति बुझ्नुपर्दछ ।

घ) "नगरपालिका" भन्नाले महालक्ष्मी नगरपालिका सम्झनुपर्दछ ।

ङ) "निर्देशिका" भन्नाले "उप प्रमुखसुत्केरी भेट तथा पोषण प्रवर्द्धन निर्देशिका, २०८१" सम्झनुपर्दछ ।

च) "प्रमुख" भन्नाले महालक्ष्मी नगरपालिका प्रमुखलाई सम्झनुपर्दछ ।

छ) "उप-प्रमुख" भन्नाले महालक्ष्मी नगरपालिका उप-प्रमुखलाई सम्झनुपर्दछ ।

ज) “प्रमुख प्रशासकीय अधिकृत” भन्नाले महालक्ष्मी नगरपालिकाको प्रमुख प्रशासकीय अधिकृतलाई सम्झनु पर्दछ।

झ) “स्वास्थ्य शाखा प्रमुख” भन्नाले महालक्ष्मी नगरपालिकाको स्वास्थ्य शाखा प्रमुखको रुपमा तोकिएको अधिकृतलाई सम्झनु पर्दछ ।

ञ) “स्वास्थ्य संस्था” भन्नाले नगरपालिका अन्तर्गतका प्राथमिक स्वास्थ्य केन्द्र, स्वास्थ्य चौकी, आधारभूत स्वास्थ्य सेवा केन्द्रलाई सम्झनु पर्दछ।

ट) “स्वास्थ्य कर्मी” भन्नाले नगरपालिका अन्तर्गतका स्वास्थ्य संस्थामा कार्यरत मेडिकल अधिकृत, नर्सिङ, पारामेडिक्स लगाएतका सम्पूर्ण स्वास्थ्य कर्मचारी सम्झनु पर्दछ र सो शब्दले महिला स्वास्थ्य स्वयमसेविकालाई समेत जनाउँछ।

## परिच्छेद-२

## उद्देश्य तथा बजेट सीमा

३. कार्यविधिको देहायका उद्देश्यहरु रहेका छन ।

क) नगरपालिका भित्र रहेका सुत्केरी आमा तथा शिशुको तथ्याङ्क अध्यावधिक गर्ने,

ख) सुत्केरी तथा शिशुको स्वास्थ्य र पोषणमा सुधार गर्नु,

ग) आकस्मिक सहायता उपलब्ध गराउनु,

घ) स्वास्थ्य र पोषणको प्रवर्द्धनका लागि आवश्यक विभिन्न कार्य गर्नु ।

४. **बजेट सीमा:** नगर सभाबाट स्वीकृत सम्बन्धित खर्च शीर्षकमा विनियोजित रकम नै बजेटको सीमा हुनेछ ।

## परिच्छेद-३

## आर्थिक सहायता रकम तथा वितरणको आधारहरु

५. देहायको सर्तको अधिनमा रही यस निर्देशिका बमोजिमको सुविधा उपलब्ध गराउन सकिनेछः

क) चालु आर्थिक वर्षमा सुत्केरी भएको हुनुपर्ने,

ख) कमजोर आर्थिक सामाजिक अवस्था भएको हुनुपर्ने,

ग) नगरपालिकाको स्थायी बासिन्दा हुनुपर्ने,

घ) अनुसूचि-१ बमोजिमको पुर्जा कायम गर्नुपर्ने

ङ) स्वास्थ्य सेवा प्रदान गरिएको अभिलेख प्रत्येक महिना अनुसूची-३ को ढाँचामा स्वास्थ्य शाखामा पठाउनु पर्नेछ ।

च) सेवा प्रदान गर्दा आवश्यकता अनुसार मेडिकल अधिकृतसँग समन्वय गर्ने र सहयोग लिइनेछ । स्वास्थ्यकर्मीले सेवा प्रदान गर्दा आवश्यक सहयोग मागेमा सहयोग गर्नु मेडिकल अधिकृतको कर्तव्य हुनेछ । जटिल प्रकृतिको रोग लागि प्रेषण गर्न आवश्यक ठानिएका सुत्केरी महिलालाई मेडिकल अधिकृतको परामर्शमा अनुसूची-४ बमोजिमको ढाँचामा फाराम भरी सम्बन्धित अस्पतालमा प्रेषण गरिने छ ।

६. **<u>अतिरिक्त समयमा समेत खटाउन सकिने:</u>** स्वास्थ्य सेवा प्रदान गर्ने स्वास्थ्यकर्मीहरुलाई आवश्यकता अनुसार कार्यालय समयका अतिरिक्त अन्य समयमा समेत खटाउन सकिनेछ।

७. **<u>औषधि वितरण सम्बन्धी व्यवस्थाः</u>** सुत्केरी महिला स्वास्थ्य सेवा सञ्चालन प्रदान गर्ने क्रममा बिरामीको आवश्यकता अनुसार स्वास्थ्यकर्मीले आईरन चक्की, क्यालसियम ओ।आर।एस, एन्टासिड,भिटामीन ए,पारासीटामोल, भिटामिन बि कम्प्लेक्स जस्ता सामान्य औषधिहरु प्रदान गर्न सक्नेछ । दिर्घ रोगका बिरामीले सेवन गरिरहेका औषधिहरु स्वास्थ्य संस्थामा उपलब्ध रहेमा सो समेत उपलब्ध गराउन सक्नेछन् ।

८. आर्थिक रुपले विपन्न सुत्केरी महिलाले आर्थिक अभावमा अत्यावश्यक औषधि सेवन गर्न नसक्ने अवस्था रहेको पाइएमा स्वास्थ्यकर्मीको प्रतिवेदनको आधारमा सम्बन्धित मेडिकल अधिकृतले नगरप्रमुख समक्ष सिफारिस गरी पठाउन सक्नेछ ।

९. सिफारिसको आधारमा नगरप्रमुखको स्वीकृतिमा त्यस्ता सुत्केरी महिलालाई औषधि व्यवस्था गरी उपलब्ध गराइनेछ ।

१०. दफा ९ बमोजिम उपलब्ध गराइएको औषधि र बिरामीको विवरण स्वास्थ्य शाखाले अधावधिक गरी राखु पर्नेछ ।

११. **<u>स्वास्थ्यकर्मीको परिचालनः</u>** सुत्केरी महिलालाई नेपाल सरकारको मापदण्ड बमोजिम सुत्केरी जाँच गराउन स्वास्थ्य संस्थामा नआएका सुत्केरी आमाहरुलाई स्वास्थ्य सेवा प्रदान गर्नको लागि प्रत्येक हप्ता स्वास्थ्य जाँच सेवा सञ्चालनको लागि प्रत्येक स्वास्थ्य संस्थामा रहेका स्वास्थ्यकर्मीलाई आलोपालो मिलाई प्रत्येक हप्ता आफ्नो सेवा क्षेत्रमा खटाइनेछ ।

१२. स्वास्थ्यकर्मी परिचालन गर्दा गाँउघर क्लिनिक र खोप क्लिनिकमा खटिने स्वास्थ्यकर्मीलाई प्राथमिकता दिई परिचालन गर्नु पर्नेछ ।

१३. स्वास्थ्यकर्मीहरुले सेवा प्रदान गर्दा पूर्ण सेवा भावले, सहयोग, समन्वय गरी सेवा प्रदान गर्नु पर्ने छ ।

१४. **<u>स्वास्थ्यकर्मीको आचरण</u>**

क) सेवा प्रदान गर्दा आत्मीय, नम्र र आदरपूर्वक व्यवहार गर्नु पर्नेछ ।

ख) सेवा प्रदान गरेवापत कुनै शुल्क, दस्तुर वा कुनै प्रकारको रकम लिन पाइने छैन।

१५. **<u>स्वास्थ्य उपकरण तथा औषधि र पोत्साहन रकमको प्रबन्धः</u>** सुत्केरी महिलालाई स्वास्थ्य सेवा प्रदान गर्दा प्रयोग गर्नुपर्ने स्वास्थ्य सामाग्री तथा औषधि प्रति सुत्केरी ५०००। सम्मको स्वास्थ्य शाखा अन्तर्गत विनियोजित सम्बन्धित शीर्षकबाट व्यवस्थापन गरिनेछ ।

१६. **<u>अनुगमनसम्बन्धी व्यवस्थाः</u>** सुत्केरी महिलालाई स्वास्थ्य सेवा सञ्चालनको अनुगमन गरी आवश्यक सहयोग गर्न देहाय बमोजिमको अनुगमन समिति रहने छः

| | | |
|---|---|---|
| क) | उप प्रमुख | - संयोजक |
| ख) | प्रमुख प्रशासकीय अधिकृत | -सदस्य |
| ग) | सम्बन्धित वडाको वडा अध्यक्ष | -सदस्य |
| घ) | नगर प्रमुखले तोकेको मेडिकल अधिकृत | -सदस्य |
| ङ) | स्वास्थ्य शाखा प्रमुख | -सदस्य सचिव |

आवश्यकता अनुसार आमन्त्रित सदस्यहरु राख्न सकिने छ ।

१७. **<u>अनुगमन समितिको काम कर्तव्य, अधिकार:</u>** दफा ९(१६) बमोजिम गठित अनुगमन समितिको काम कर्तव्य, अधिकार देहाय बमोजिम हुनेछः

क) नगरपालिका बाट सञ्चालित सुत्केरी स्वास्थ्य सेवा कार्यक्रमको नियमित अनुगमन गरी स्वास्थ्यकर्मीहरुलाई आवश्यक सहयोग गर्ने ।

ख) आर्थिक रुपले विपन्न असहाय सुत्केरी महिला थप उपचार गर्नुपर्ने अवस्थामा नगरपालिकालाई सिफारिस गर्ने ।

ग) कार्यक्रम सञ्चालनका क्रममा देखिएका समस्याहरुको समाधानका लागि सुझावसहित सिफारिस गर्ने ।

बैठक संचालन कार्यविधि समितिले आफै निर्धारण गर्न सक्नेछ ।

## परिच्छेद -४
## <u>विविध</u>

१८. **<u>आर्थिक सहायता रकमको खर्च सम्बन्धी समीक्षा:</u>** नगर कार्यालयबाट उपलब्ध भएका आर्थिक सहायता रकमको खर्चका सम्बन्धमा नगर कार्यपालिकाको बैठकमा यसको प्रभावकारीता बारे आवश्यक समीक्षा गरिनेछ।

१९. सुविधा एक आर्थिक वर्षमा एक पटक मात्र उपलब्ध गराइनेछ ।

२०. **<u>कारवाहि हुने:</u>** झुठा विवरण पेश गरी सहायता रकमको दुरुपयोग गर्नेलाई प्रचलित कानून बमोजिम कारबाहि हुनेछ र भुक्तानी लिएको रकम सरकारी बाँकी सरह असुल उपर गरिनेछ ।

२१. **<u>बाधा अड्काउ फुकाउः</u>** यस कार्यविधि बमोजिमको कुनै व्यवस्था कार्यान्वयनमा केही बाधा भएमा नगर कार्यपालिकाले बाधा अड्काउ फुकाउन सक्नेछ ।

# अनुसूची १

स्वास्थ्यकर्मीले राख्ने अभिलेखको नमूना

महालक्ष्मी नगरपालिका

ललितपुर

## सुत्केरी महिला सेवासम्बन्धी रेकर्ड बुक

जाँच गर्ने स्वास्थ्यकर्मीको नाम थर:

स्वास्थ्य संस्थाको नाम:

| सि नं | सुत्केरी महिलाको नाम थर | उमेर/ लिङ्ग | वडा नं | रक्तचाप | नाडीको गति | अक्सिजन लेभल | सुगर लेभल | तापक्रम | HMIS ३.५ को फाराम | निदान | जाँचेको मिति | औषधि वितरण |
|---|---|---|---|---|---|---|---|---|---|---|---|---|
| | | | | | | | | | | | | |
| | | | | | | | | | | | | |

## प्रसुती सम्बन्धी विवरण

| | |
|---|---|
| प्रसुतिको लागि भर्ना भएको | गते महिना साल |
| प्रसुति भएको | गते महिना साल |
| डिस्चार्ज भएको | गते महिना साल |

दफा ३ को उपदफा ३. २सँग सम्बन्धित

**अनुसूची २**

**सुत्केरी महिलालाई दिइने पुर्जाको नमूना**

HMIS ३.५ को फारामको नमुना अनुसारको कार्ड दिईने छ

स्वच्छ, सफा, समृद्ध, सुन्दर - महालक्ष्मी नगर

महालक्ष्मी नगरपालिका

ललितपुर

| स्वास्थ्य संस्थाको नाम | जिल्ला | नगर गाँउ पालिका | वडा नं |
|---|---|---|---|
| | | | |
| मुल दर्ता नं | सेवा दर्ता नं | ORC दर्ता नं | दर्ता मिति |

**सुत्केरी महिलाको ब्यक्तिगत विवरण**

| | | | |
|---|---|---|---|
| नाम थर | नगर गाउँपालिका | उमेर | उचाई |
| जिल्ला | सम्पक नं | | वडा नं |
| गाँउ टोल | | | रक्त समुह |

गर्भको पटक (हालको समेत) पतिको नाम थर

**प्रमाणीकरण मितिः २०८१/०१/२०**

**आज्ञाले**

**प्रदिप पौडेल**

**प्रमुख प्रशासकीय अधिकृत**

**महालक्ष्मी नगरपालिका, ललितपुर**

**मूल्यः रु १०/-** **मुद्रण: २०० प्रति**